नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौं

# त्रैमासिक तथ्याङ्क गतिविधि
# Quarterly Statistical Bulletin



वर्ष - ४५ | पूर्णाङ्क - १२४ (संयुक्ताङ्क) | अङ्क : २ (२०७९ कार्तिक - २०८० आषाढ)
Year – 45 | Volume – 124 | No. : 2 (2079 Kartik - 2080 Ashadh)

## सम्पादकीय

### समृद्ध मुलुक निर्माणमा तथ्याङ्कको भूमिका

हरेक देशमा नीति निर्माण प्रकियामा तथ्याङ्कको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नीति निर्माणसँगै यसको सफल कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा समेत तथ्याङ्कको विशेष भूमिका रहेको हुन्छ । विकासको मुल एजेण्डाको रूपमा संयक्त राष्ट्रसंघबाट घोषणा गरी विश्वभर नै कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यले निर्दिष्ट गरेका लक्ष्यहरूको कार्यान्वयन तथा मापनका लागि वर्तमान समयमा तथ्याङ्कको आवश्यकता बढिरहेको छ । तथ्याङ्क उत्पादन कार्य एक जटिल प्रकिया हो र नेपालमा तथ्याङ्क उत्पादन कार्य चुनौतीपूर्ण छ । नेपालको तथ्याङ्क प्रणाली विकेन्द्रित प्रणालीको रूपमा रहेको छ । प्रणालीको केन्द्रमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहेको छ भने अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसमेत तथ्याङ्क उत्पादन कार्यमा संलग्न रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रूपमा गणना तथा सर्वेक्षणहरू संचालन गरी र विभिन्न प्रशासनिक अभिलेखहरूको विश्लेषणबाट देशका लागि आवश्यक तथ्याङ्क उत्पादन गरी तथ्याङ्कको मागलाई पूर्ति गर्दै आएको छ । यसै सन्दर्भमा विक्रम सम्वत् २०७८ मा राष्ट्रिय जनगणना र राष्ट्रिय कृषि गणना सम्पन्न भएका छन् । यी दुवै दश दश वर्षको अन्तरालमा संचालन गरिने महत्वपूर्ण तथ्याङ्कीय क्रियाकलाप हुन् । कोभिड १९ को महामारीका विचमा पनि सफलतापूर्वक राष्ट्रिय जनगणना २०७८ को स्थलगत कार्य सम्पन्न गरी लगत विश्लेषणबाट प्राप्त नतिजा २०७९ चैत्र १० गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट काठमाडौंमा सार्वजनिक गरियो । राष्ट्रिय जनगणना तथ्याङ्क आपूर्तिको एक प्रमुख स्रोत हो । यसबाट जनसांख्यिक, सामाजिक, आर्थिक लगायत थुप्रै तथ्याङ्कहरूको उत्पादन हुन्छ । यी तथ्याङ्कहरू संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकार र अन्य सरोकारवाला निकायहरूका लागि समेत नीति निर्माण तथा कार्यान्वयनमा निकै उपयोगी छन् । समृद्ध मुलुक निर्माणको पहिलो आधार भनेको तथ्यमा आधारित नीति निर्माण र यसको सफल कार्यान्वयन हो । लक्षित क्षेत्रको पहिचान, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । राष्ट्रिय तथ्याङ्क प्रणालीबाट विभिन्न समयमा उत्पादन गरिने तथ्याङ्कहरूको प्रयोगबाट तथ्यमा आधारित नीति निर्माण गरी समृद्ध मुलुक बनाउने कार्यमा सम्बद्ध सबै निकायहरूले विशेष ध्यान दिई अगाडि बढ्नु जरूरी छ ।

## विषय सूची

- सम्पादकीय ...... १
- प्रमुख तथ्याङ्क अधिकारीबाट पद बहाली ...... २
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन सार्वजनिक ...... २
- साते प्रदेशमा राष्ट्रिय जनगणना २०७८ को प्रादेशिक प्रतिवेदन सार्वजनिक ...... ३
- राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू सार्वजनिक ...... ४
- राष्ट्रिय तथ्याङ्क प्रणाली पुस्तक सार्वजनिक ...... ७
- राष्ट्रिय जनगणना २०७८ को Inforgraphics Portal को प्रयोग विधि ...... ८
- राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना स्वीकृत ...... १०
- विभिन्न गतिविधिहरू ...... ११
- प्रमुख तथ्याङ्क अधिकारीको बिदाई ...... १३
- राष्ट्रियस्तरमा जातजातिअनुसार जनसंख्या, रा.ज.ग. २०७८ ...... १३
- राष्ट्रियस्तरमा मातृभाषाअनुसार जनसंख्या, रा.ज.ग. २०७८ ...... १५
- राष्ट्रियस्तरमा धर्मअनुसार जनसंख्या, रा.ज.ग. २०७८ ...... १६

**संरक्षक**
श्री रामप्रसाद थपलिया, : प्रमुख तथ्याङ्क अधिकारी

**सम्पादक मण्डल**
श्री मनोहर घिमिरे, निर्देशक : संयोजक
श्री राजन सिलवाल, निर्देशक : सदस्य
श्री ऋषिराम सिग्देल, निर्देशक : सदस्य
श्री कपिलदेव जोशी, तथ्याङ्क अधिकृत : सदस्य सचिव

**सल्लाहकार**
श्री नेविन लाल श्रेष्ठ, उप-प्रमुख तथ्याङ्क अधिकारी
डा. हेम राज रेग्मी, उप-प्रमुख तथ्याङ्क अधिकारी
श्री डिल्लीराज जोशी, उप-प्रमुख तथ्याङ्क अधिकारी
श्री मुन्नी कुमारी चौधरी उप-प्रमुख तथ्याङ्क अधिकारी

# प्रमुख तथ्याङ्क अधिकारीबाट पद बहाली

तथ्याङ्क ऐन २०७९ को व्यवस्थाअनुसार नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय तथ्याङ्क कार्यालयको पहिलो प्रमुख तथ्याङ्क अधिकारीको रूपमा पदस्थापन हुनुभएका श्री रामप्रसाद थपलियाले २०७९ फागुन २९ गते कार्यालयमा पद बहाली गर्नुभयो । प्रमुख तथ्याङ्क अधिकारीलाई सोही दिन कार्यालयका तर्फबाट स्वागत कार्यक्रमसमेत गरिएको थियो ।

# राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन सार्वजनिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०७९ चैत १० गते राष्ट्रिय जनगणना २०७८ को नतिजा सावर्जनिक गर्नुभएको छ । काठमाडौंस्थित होटल सोल्टीमा राष्ट्रिय तथ्याङ्क कार्यलयले आयोजना गरेको कार्यक्रममा बोल्दै प्रधानमन्त्री दाहालले जनसंख्याका आधारमा विकासका नयाँ योजना र नीतिहरू बनाइने बताउनुभएको छ । जनसंख्याको विस्तृत नतिजाले तीनओटै तहका सरकारलाई नीति निर्माण गर्न सहज हुने विश्वास उहाँले व्यक्त गर्नुभएको छ ।

"जनगणनाबाट उपलब्ध भएका तथ्याङ्कले सुशासनको अभिवृद्धि, दिगो विकासको लक्ष्य, जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले गरेका प्रतिबद्धता तथा अन्य राष्ट्रिय विकास लक्ष्यहरूको अनुगमन र मूल्याङ्कन विद्यमान सूचकहरूको प्रगति मापनमा सहयोग पुग्नेछ" प्रधानमन्त्री दाहालले भन्नुभएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आयोजना गरेको कार्यक्रममा सार्वजनिक गरिएको तथ्याङ्कअनुसार नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ । महिलाको जनसंख्या १,४९,११,०२७ (५१.१३ प्रतिशत) रहेको छ भने पुरूषको जनसंख्या १,४२,५३,५५१ (४८.८७ प्रतिशत) रहेको छ । २०६८ सालको जनगणनाको तुलनामा यस जनगणनामा १० प्रतिशत अर्थात २६,७०, ०७४ जनसंख्या बढेको छ । सम्वत् २०७८ को जनगणनाअनुसार नेपालको वार्षिक जनसंख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको छ । जनगणनाले नेपालमा ४३ ओटा जिल्लाको जनसंख्या वृद्धिदर घनात्मक देखाएको छ भने हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखाएको छ । लैंगिक अनुपात ९५.५९ रहेको छ भने जनघनत्व १९८ प्रति वर्गकिलोमिटर रहेको छ ।

जनगणनाले सक्रिय उमेर (१५–५९) वर्ष समूहको जनसंख्या ६१.९६, प्रतिशत बाल आश्रित (०–१४) वर्ष समूहको जनसंख्या २७.८३ र ज्येष्ठ आश्रित (६० वर्षभन्दा माथि)को जनसंख्या १०.२१ प्रतिशत देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यलयका प्रमुख तथ्याङ्क अधिकारी श्री रामप्रसाद थपलियाको अध्यक्षतामा भएको प्रतिवेदन सार्वजनिक कार्यक्रममा उप-प्रमुख तथ्याङ्क अधिकारी श्री नेविन लाल श्रेष्ठले स्वागत भएको थियो भने उप-प्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मीले राष्ट्रिय जनगणना २०७८ का मुख्य नतिजाहरूको बारेमा प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठ र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) का कन्ट्री डाईरेक्टर Ms. Won Young Hong ले समेत जनगणनाबाट प्राप्त तथ्याङ्कको महत्व र उपयोगिताका बारेमा धारणा राख्नुभएको थियो ।

प्रधानमन्त्री दाहालले यस दिन 'राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा', National Population and Housing Census 2021, National Report, राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजा र A report on Maternal Mortality 2021 गरी तीनओटा प्रतिवेदन सार्वजनिक गर्नुभयो । यी प्रतिवेदन तलको वेवसाइटमा पढ्न र डाउनलोड गर्न सकिन्छ ।

https://censusnepal.cbs.gov.np/results/ downloads/national



# सातै प्रदेशमा राष्ट्रिय जनगणना २०७८ को प्रादेशिक प्रतिवेदन सार्वजनिक

राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ को प्रादेशिक प्रतिवेदन सार्वजनिक गरेको छ । मिति २०८० जेष्ठ ०९ गते गण्डकी प्रदेशको पोखरा तथा २०८० जेष्ठ १० गते कोशी प्रदेशको विराटनगर र मधेश प्रदेशको जनकपुरधाममा प्रादेशिक प्रतिवेदन सार्वजनिक कार्यक्रम सम्पन्न भयो ।





गण्डकी प्रदेशमा सामाजिक विकास मन्त्री श्री सुशिला सिंखडा, कोशी प्रदेशमा उद्योग, कृषि तथा सहकारी मन्त्री श्री भक्ति प्रसाद सिटौला र मधेश प्रदेशमा अर्थमन्त्री श्री संजय कुमार यादवले प्रादेशिक प्रतिवेदन सार्वजनिक गर्नुभएको थियो ।

यस्तै, राष्ट्रिय तथ्यांक कार्यलयले मिति २०८० जेष्ठ १७ गते बागमती प्रदेशको हेटौडा, लुम्बिनी प्रदेशको देउखुरी, कर्णाली प्रदेशको वीरेन्द्रनगरमा र सुदुरपश्चिम प्रदेशको धनगढीमा राष्ट्रिय जनगणना २०७८ को प्रादेशिक नतिजा सार्वजनिक गरेको थियो ।

बागमती प्रदेशको नतिजा मुख्यमन्त्री श्री शालिकराम जमरकट्टेलले सार्वजनिक गर्नुभएको थियो । लुम्बिनी प्रदेशको, स्वास्थ्य मन्त्री श्री राजु खनालले, कर्णाली प्रदेशको सामाजिक विकास मन्त्री श्री खड्ग बहादुर पोखरेलले र सुदुरपश्चिम प्रदेशको नतिजा आर्थिक मामिला मन्त्री श्री नरेश कुमार शाहीले सार्वजनिक गर्नुभएको थियो ।



प्रादेशिक नतिजा सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी, उपप्रमुख तथ्याङ्क अधिकारी, निर्देशक, अधिकृत लगायतको सहभागिता रहेको थियो ।





# राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू सार्वजनिक

## आर्थिक वर्ष २०७९/ ८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी अनुमान सार्वजनिक

राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रूपमा हरेक वर्ष राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी अनुमान प्रकाशन गर्दै आएको छ । यसैअनुसार आर्थिक वर्ष २०७९/८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी अनुमान मिति २०८० साल वैशाख १९ गते राष्ट्रिय तथ्याङ्क कार्यालयमा एक कार्यक्रमका बिच सार्वजनिक गरियो ।

अर्थतन्त्रका विविध पक्षहरूको यथार्थ मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रूपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product-GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तयार गरी सार्वजनिक गर्दै आएको छ । यस्ता सूचकहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरूबाट व्यापक रूपमा प्रयोग समेत हुँदै आएको छ । नेपालमा राष्ट्रिय लेखा अनुमानहरू वि.सं. २०१८/१९ देखि सुरू गरी वि.सं. २०२१/२२ देखि अविच्छिन्न रूपमा तयार गरी प्रकाशन गरिदै आइएको छ ।

यसै क्रममा चालु आर्थिक वर्षको छदेखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित यथार्थ आँकडा तथा बाँकी अवधिको अनुमान गर्दा हालको अवस्था र विगतका प्रवृत्तिगत अवस्थाका आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी वि.सं. २०७९/८०को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा गत आर्थिक वर्ष २०७८/७९ को संशोधित अनुमान तथा २०७७/७८ को अन्तिम अनुमान प्रकाशन गरिएको हो । हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरू आर्थिक वर्ष २०६७/६८ को आधार मूल्यमा आधारित छन् । तथ्याङ्कको उपलब्धता सँगसँगै राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीतिबमोजिम आर्थिक वर्ष २०७८/७९ र २०७९/८० का अनुमानहरूलाई क्रमशः परिमार्जनसहित प्रकाशित गर्दै लगिने छ । हालसम्म प्राप्त अनुमानहरूको अध्ययन विश्लेषण गर्दा चालु आर्थिक वर्ष २०७९/८० मा उपभोक्ता मूल्यमा १.८६ % ले समष्टिगत आर्थिक वृद्धि (कुल गार्हस्थ्य उत्पादनको वृद्धि) हुने साथै अर्थतन्त्रको आकार (Consumption) ५३ खर्व ८१ अर्बको हुने देखिन्छ ।

हालका दिनहरूमा नेपालमा COVID 19 को प्रभावको अवस्था छैन । तथापि विश्वका अन्य देशहरूमा भएका घटनाले विश्वव्यापीरूपमा आपूर्ति श्रृंखला खल्बलिएको तथा पेट्रोलियम पदार्थ लगायतका वस्तुमा भएको मूल्य बृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ ।

## कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धि दर आधारमूल्यमा (Annual growth rate of GDP at basic price)


चालु आर्थिक वर्ष २०७९/८०को छदेखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित यथार्थ आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको राष्ट्रिय लेखा तथ्याङ्कअनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को वृद्धिदर आधारभूत मूल्यमा (Basic price) २.१६% हुने प्रारम्भिक अनुमान रहेको छ । सोही वृद्धिदर गत आर्थिक वर्ष २०७८/७९ मा ५.२६ % हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७७/७८ मा ४.४९ % रहेको अन्तिम अनुमान छ ।



चित्र नं. 1: कुल ग्राहस्थ्य उत्पादनको वार्षिक आर्थिक वृद्धि दर आधारमूल्यमा

## बृहत् औद्योगिक समूहअनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर (Gross Value Added by broad economic activities)

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary sector), द्वितीय क्षेत्र (Secondary sector) र सेवा क्षेत्र (Tertiary sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ भने प्राथमिक क्षेत्र र द्वितीय क्षेत्रको योगदानमा गत आर्थिक वर्षभन्दा केही संकुचन आएको देखिन्छ ।



चित्रनं. २ : बृहत् आर्थिक क्षेत्र अनुसार योगदान

## प्राथमिक क्षेत्र (Primary sector)

यस क्षेत्रअन्तर्गत कृषि वन तथा मत्स्य र खानी तथा उत्खनन् क्षेत्रहरू पर्दछन् । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २४.६ % योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ को तुलनामा चालु आर्थिक वर्ष २०७९/८०मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा २.६९ % वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । चालु आर्थिक वर्षमा धानलगायतका वर्षे वालीको उत्पादनमा वृद्धि भए तापनि हिउँदे बालीको साथै दूध, अण्डा तथा मासुको उत्पादनमा भएको सामान्य ह्रासले गर्दा यस क्षेत्रको उल्लेखनीय वृद्धि हुन नसकेको देखिन्छ ।


## द्वितीय क्षेत्र (Secondary sector)

यस क्षेत्र अन्तर्गत उद्योग, विद्युत, ग्याँस, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा, पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू र निर्माण क्षेत्र पर्दछन् । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १२.९ % योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु

आर्थिक वर्ष २०७९/८०मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा ०.५६ % ले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । खासगरी उद्योग र निर्माण क्षेत्रमा आएको गिरावटको कारणले गर्दा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदरमा गत आ.व. को तुलनामा कमी आएको छ ।

### सेवा क्षेत्र (Tertiary sector)

यस क्षेत्रअन्तर्गत थोक तथा खुद्रा व्यापार, अवास तथा भोजन सेवा, यातायात तथा भण्डारण, सूचना तथा सञ्चार वित्तीय तथा बिमा क्षेत्र, घरजग्गा कारोवार, पेशागत तथा प्रशासिनक व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवाहरू पर्दछन् । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६२.४ % योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मूल्यमा २.३३ % हुने प्रारम्भिक अनुमान रहेको छ । आयात तथा आन्तरिक औद्योगिक उत्पादनहरूमा आएको गिरावटले थोक तथा खुद्रा व्यापारमा ऋणात्मक वृद्धि दर रहेको र यातायात तथा भण्डारण सेवामा पनि न्यून वृद्धिको कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदरमा गत आ.व. को तुलनामा कमी आएको हो ।



चित्र नं. ३ : वृहत् आर्थिक क्षेत्र अनुसार आर्थिक वृद्धि दर

### आ.व. २०७९/८० मा केही प्रमुख आर्थिक सूचकहरूको अवस्था (Key macroeconomic indicators)

- कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (Growth rate) उपभोक्ताको मूल्यमा १.८६% ।
- कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (Growth rate) आधारभूत मूल्यमा २.१६% ।
- चालु मूल्यअनुसार कुल उत्पादन (Gross output) आधारभूत मूल्यमा रू. ८० खरब ९० अरब ६७ करोड ।
- चालु मूल्य अनुसार कुल मध्यवर्ती उपभोग (Intermediate consumption) उपभोक्ताको मूल्यमा रू. ३३ खर्व ९४ अरब १७ करोड ।
- चालु मूल्यअनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा रू. ४६ खर्व ९६ अरब ४९ करोड ।
- चालु मूल्यअनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रू. ५३ खर्व ८१ अरब ३४ करोड ।
- चालु मूल्यमा कुल स्थिर पुँजी निर्माण (Gross fixed capital formation) रू. १३ खर्व ५६ अरब ४६ करोड (कुल गार्हस्थ्य उत्पादनको २५.२१%) ।
- चालु मूल्यमा अन्तिम उपभोग खर्च (Final consumption expenditure) रू. ५० खर्व ३६ अरब १५ करोड (कुल गार्हस्थ्य उत्पादनको ९३.५९ %) ।
- चालु मूल्यमा वस्तु तथा सेवा निर्यात (Export) रू. ३ खर्व ८५ अरब ११ करोड (कुल गार्हस्थ्य उत्पादनको ७.१६ %) ।
- चालु मूल्यमा वस्तु तथा सेवा अयात (Import) रू. १९ खर्व ६४ अरब ३३ करोड (कुल गार्हस्थ्य उत्पादनको ३६.५ %) ।
- चालु मूल्यमा कुल राष्ट्रिय वचत (Gross national saving) कुल गार्हस्थ्य उत्पादनको ३१.६६% ।
- विप्रेषण रू. १२ खर्व ३१ अरब ७३ करोड (कुल गार्हस्थ्य उत्पादनको २२.८९%) ।
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रू १,८२,६८३ अर्थात १,३९९ यु.एस डलर ।
- प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन रू १,८४,१४० अर्थात १,४१० यु.एस डलर ।

### प्रदेश तहको वार्षिक कुल गार्हस्थ्य उत्पादन (Annual Gross Domestic Product at Province Level)

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रूपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनलगायत समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू सार्वजनिक गर्दै आएको छ ।


यसै सम्बन्धमा प्रादेशिक तहमा भएका आर्थिक गतिविधिको मापन गर्न र प्रदेशहरूमा देखिएका सामाजिक तथा आर्थिक विभेदहरूलाई न्यून गर्न आवश्यक नीति निर्माण गर्न र विकासका गतिविधिलाई प्रभावकारी बनाउन प्रदेशस्तरका समष्टिगत आर्थिक सूचकहरूसमेत आ.व. २०७५/७६ देखि नियमित रूपमा यस कार्यालयले सार्वजनिक गर्दै आएको छ । प्रादेशिक तहका आर्थिक सूचकहरू Top–down approach मा System of National Accounts 2008 का मान्यताअनुसार अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरणको संस्करण NSIC rev 4 अनुसार तयार गरिएको छ र सोहि अनुसारका वर्गीकृत २१ आर्थिक क्रियाकलापहरूलाई १८ क्रियाकलापहरूमा समावेश तयार गरिएका छन् । यी अनुमानहरू आ. व. २०६७/२०६८ को गरी मूल्यमा आधारित भएर तयार गरिएका छन् ।

चालु आ.व. २०७९/८० को पहिलो छदेखि नौ महिनासम्मका उपलब्ध आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरू एवम् बाँकी अवधिको अवस्था सामान्य रहने अपेक्षा गरी यस आ.व.को वस्तु तथा सेवाको उत्पादनको प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आ.व. २०७८/७९ को संशोधित अनुमान र आ.व. २०७७/७८ को अन्तिम अनुमानसमेत तयार गरी प्रकाशित गरिएको छ । यस कार्यालयको राष्ट्रिय लेखा तथ्याङ्क परिमार्जन नीति बमोजिम चालु आर्थिक बर्ष र आ. व. २०७८/७९ का अनुमानहरूलाई क्रमशः परिमार्जनसहित प्रकाशन गरिदै लगिने छ ।

हालका दिनहरूमा नेपालमा COVID 19 को प्रभावको अवस्था छैन । तथापि विश्वका अन्य देशहरूमा भएका घटनाले विश्वव्यापी रूपमा आपूर्ति श्रृंखला खल्बलिएको तथा पेट्रोलियम पदार्थलगायतका वस्तुमा भएको मूल्य वृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको

छ । यस वर्षको राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनको आर्थिक बृद्धिदरको अनुमान उपभोक्ताको मूल्यमा १.८६ % हुने अनुमान तथा अघिल्लो आ.व.को संशोधित आर्थिक बृद्धिदर ५.६१% भएको अनुमान छ ।


यस आ.व.मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ५३ खरब ८१ अरब हुने अनुमान गरिएकोमा सबैभन्दा बढी ३६.८% योगदानसहित बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. १९ खरब ८१ अरब हुने अनुमान छ भने सबैभन्दा कम ४.१% को योगदान कर्णाली प्रदेशको उपभोक्ताको मूल्यमा करीब रू. २ खरब २१ अरबको हाराहारी हुने अनुमान छ । बागमती प्रदेशपछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुर्‍याउने प्रदेशहरूमा क्रमशः कोशी, लुम्बिनी, मधेस, गण्डकी र सुदुरपश्चिम पर्दछन् ।




चित्र १: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा २०७९/८०

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आ.व. मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६% अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक बृद्धिदर सबै भन्दा बढी ३.३% र बागमती प्रदेशको बृद्धिदर सबैभन्दा कम १.४% रहने अनुमान गरिएको छ । संशोधित अनुमानअनुसार गत आ.व.मा गण्डकी प्रदेशको बृद्धिदर सबै भन्दा बढी ६.३५% देखियो भने मधेश प्रदेशमा सबैभन्दा कम दर ४.६% रहने देखियो ।

औद्योगिक वर्गीकरणअनुसारको आर्थिक क्रियाकलापहरूलाई हेर्दा गत आ.व. र यस आ.व.मा बागमती प्रदेशबाहेक सबै प्रदेशहरूमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढी देखिन्छ । यसो हुनुमा यस प्रदेशमा बढ्दो सहरीकरण, बढी जनसंख्या, राष्ट्रिय तहका ठुला व्यापारिक कारोवारहरू आदि हुन् । त्यसैगरी राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्र कोशी, मधेश र लुम्बिनी प्रदेशमा दोस्रो हिस्सा मै कायम रहेको छ भने बागमती प्रदेशमा घरजग्गा सम्बन्धी कारोवार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो छ । यसैगरी गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा सार्वजनिक प्रशासन र रक्षा क्षेत्रको योगदान दोस्रो रहेको देखिन्छ । वागमती र मधेश प्रदेश बाहेक सबै प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ ।




चित्र २: प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धि दर

**कोशी प्रदेश:** यस आ.व.मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ८ खरब ४९ अरब हुने अनुमान छ भने गत आ.व.को संशोधित अनुमान करीब रू. ७ खरब ८० अरब रहेको छ । यस प्रदेशले राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा १५.८% योगदान पुर्‍याउने अनुमान छ । यसैगरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर ५.४७% थियो भने यस आ.व.मा संकुचन आई २.०% मात्र कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.२% कृषि क्षेत्रको (यहाँ कृषि क्षेत्र भन्नाले कृषि, वन तथा मत्स्यपालन समेतलाई जनाउँछ) रहनेछ भने सबैभन्दा कम योगदान ०.३% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहने छ ।

**मधेश प्रदेश:** यस आ.व. मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ७ खरब ७ अरब हुने अनुमान छ भने गत आ.व.को संशोधित अनुमान करीब रू. ६ खरब ५० अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १३.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत १३.१% योगदान पुर्‍याउने अनुमान गरिएको छ । यसै गरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर ४.६३% थियो भने यस आ.व.मा संकुचन आई १.६९% मात्र कायम रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३५.२% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२% खानी तथा उत्खनन क्षेत्रको रहेको छ ।

**बागमती प्रदेश:** यस आ.व.मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. १९ खरब ८१ अरब हुने अनुमान भने गत आ.व. का संशोधित अनुमान करीब रू. १८ खरब १९ अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको ३७.९५% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ३६.८६% योगदान पुर्‍याउने अनुमान गरिएको छ । यसैगरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको बृद्धिदर ६.३०% थियो भने यस आ.व. मा संकुचन आई १.४४% कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान २३.६% ब्यापार क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू क्षेत्रको रहेको छ ।

**गण्डकी प्रदेशः** यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ४ खरब ८२ अरब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करीब रू. ४ खरब ३७ अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको ८.९% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ९.०% योगदान पुऱ्याउने अनुमान छ । यसैगरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ६.३५% थियो भने यस आ.व.मा संकुचन आई ३.२६% मात्र कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान २५.९% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

**लुम्बिनी प्रदेशः** यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ७ खरब ६२ अरब हुने अनुमान छ भने गत आ.व.का संशोधित अनुमान करीब रू. ६ खरब ९७ अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको १४.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा १४.२% योगदान पुऱ्याउने अनुमान छ । यसैगरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.०३% थियो भने यस आ.व.मा संकुचन आई २.०६% मात्र कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान २९.८% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.३% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

**कर्णाली प्रदेशः** यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. २ खरब २१ अरब हुने अनुमान छ भने गत आ.व.का संशोधित अनुमान करीब रू.२ खरब १ अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको ४.१% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ४.१% योगदान पुऱ्याउने अनुमान छ । यसै गरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.३२% थियो भने यस आ.व.मा संकुचन आई १.९१% कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३०.८% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

**सुदुरपश्चिम प्रदेशः** यस आ.व. मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करीब रू. ३ खरब ७६ अरब हुने अनुमान छ भने गत आ.व. का संशोधित अनुमान करीब रू.३ खरब ४५ अरब रहेको छ । गत आ.व.मा राष्ट्रिय तहमा कुल गार्हस्थ्य उत्पादनको ७.०% हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा समेत ७.०% योगदान पुऱ्याउने अनुमान छ । यसै गरी गत आ.व. मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७८% थियो भने यस आ.व.मा संकुचन आई १.७८% कायम रहने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३३.४% कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.१% प्रशासनिक सहयोगी सेवा क्षेत्रको रहेको छ ।

# राष्ट्रिय तथ्याङ्क प्रणाली पुस्तक सार्वजनिक



राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको "नेपालको तथ्याङ्क प्रणाली" विषयगत लेखहरूको सँगालो पुस्तक २०८० साल असार १८ गते काठमाडौंमा आयोजित एक कार्यक्रमका विच राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी श्री रामप्रसाद थपलिया, राष्ट्रिय योजना आयोगका सचिव डा. तोयानारायण ज्ञवाली, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री सुमनराज अर्याल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. गणेश प्रसाद पाण्डेय, उप-प्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मी र एशिया फाउण्डेशनका नेपालका कार्यक्रम संयोजक श्री सजना महर्जनले संयुक्त रूपमा सार्वजनिक गर्नुभयो । राष्ट्रिय तथ्याङ्क प्रणालीसम्बन्धी विभिन्न विषयका ३० ओटा लेखहरू यस पुस्तकमा रहेका छन् ।



# राष्ट्रिय जनगणना २०७८ को Inforgraphics Portal को प्रयोग विधि

राष्ट्रिय जनगणना २०७८ को शुरुवातदेखि नै विभिन्न सूचनाहरूको संग्रह तथा आम सर्वसाधारण जनसमुदायलाई राष्ट्रिय जनगणना २०७८ को बारेमा सुसूचित गर्ने ध्येयले www.censusnepal.cbs.gov.np नामक एक portal सञ्चालनमा ल्याइएको छ ।




उक्त portal मा नै राष्ट्रिय जनगणना २०७८ को सम्पूर्ण नतिजा लगायत जनगणनासम्बन्धी निर्देशिकाहरू, प्रश्नावलीहरू, प्रशिक्षण सामग्रीहरू आदि सार्वजनिक गरिएको छ । विगतका वर्षहरूमा भएका जनगणनाहरूभन्दा फरक शैलीमा यसपटकको जनगणनाको नतिजा सार्वजनिक गरिएको छ । जसमा विभिन्न चित्रहरू, नक्साहरूमा जनगणनाको नतिजालाई देखाइनुको साथै Excel Data Table समेत प्रयोगकर्ताहरूले पाउन सक्छन् । जसलाई Population Census Inforgraphics Portal भनिन्छ । कुनै पनि प्रयोगकर्ताले Browser मा censusnepal.cbs.gov.np टाइप गर्नासाथ माथि चित्रमा देखाइएको पेज खुल्ने छ । जहाँ इन्फोग्राफिक पोर्टल, अन्तिम प्रतिवेदनहरू, डाटा प्रोफाइल र मोबाइल एपको चारवटा बटन देख्नु हुनेछ ।

## १. इन्फोग्राफिक पोर्टल





यस Portal मा नेपालको ७७ जिल्लासहितको नक्सा र उक्त जिल्लाको जनसंख्या देखाइएको छ । उक्त नक्सा माथि Mouse Pointer लैजाँदा जिल्लाको नाम र जनसंख्या देखाउँदछ । यसै गरी Map Style District को सट्टा Province छानेमा प्रदेशगत जनसंख्या देखाउँछ ।







- त्यसैगरी Household Menu मा क्लिक गर्दा National Level को Household indicator हरूको डाटालाई संख्या तथा ग्राफमा देख्न सकिन्छ ।




- यसै Screen मा Province Choose गरेमा Provincewise संख्या तथा ग्राफमासमेत देख्न सकिन्छ । Province छानेर पुनः उक्त Proince भित्रको जिल्ला समेत छानेर पनि जिल्लागत Infograph हेर्न सकिन्छ भने जिल्ला छानिसकेपछि स्थानीय तह छानेर पनि उक्त जिल्लाभित्रका स्थानीय तहको infograph हेर्न सकिन्छ ।






- Population Menu मा क्लिक गर्दा राष्ट्रिय स्तरको जनसंख्या र सोको विभिन्न किसिमका ग्राफहरू देखिनेछ भने उक्त Menu भित्र पनि प्रदेश, जिल्ला र स्थानीय तह छानेर पनि Infograph देख्न सकिनेछ ।
- Browse by topics मा क्लिक गरी विभिन्न Indicator का Infograph हेर्न सकिनेछ ।

## २. राष्ट्रिय जनगणना २०७८ को विभिन्न प्रतिवेदनहरु तथा Data Download

Downloads Menu मा क्लिक गरी Nationla Report छानेमा National Report English PDF, संक्षिप्त नतिजा नेपालीमा PDF, नेपाली अनुसूची exel लगायत Household and Individual Table xlsx data file download गर्न सकिनेछ ।




- Download कै Province/District/ Local Report मा क्लिक गरेर प्रदेश छानी उक्त प्रदेशको Provincial Report र नेपाली नतिजाको PDF file लगायत Household and Individual Table को xlsx data download गर्न सकिनेछ ।




- Download कै Ward Report मा क्लिक गरेर प्रदेश छानी उक्त प्रदेश भित्रको Household and Individual Tables को xlsx data download गर्न सकिनेछ । जसमा वडागत रूपमा नतिजाहरू हेर्न सकिनेछ ।
- Download कै Caste/Ethnicity Report मा क्लिक गरेमा जातजातिको National Report PDF file र Individual Table xlsx data download गर्न सकिनेछ ।
- Download कै Urban/ Rural Report मा क्लिक गर्दा नपालको सहरी तथा ग्रामीण Household and Individual Tables को xlsx data download गर्न सकिनेछ ।
- Download कै Post Enumeration Survey Report मा क्लिक गरेमा गणना जाँच सर्वेक्षण Post Enumeration Survey Report PDF file download गर्न सकिनेछ ।

censunepal.cbs.gov.np पेजको डाटा प्रोफाइल बटनमा क्लिक गर्दा यसअघि विभिन्न report तथा data download menu मा नै पुगिनेछ भने censusnepal.cbs.gov.np पेजको मोबाइल एप बटनमा क्लिक गर्दा Nepal Census Results भन्ने Mobile App देख्न सकिनेछ । उक्त App, Android Mobile मा download गरी Install गरेमा पनि राष्ट्रिय जनगणनाका नतिजाहरू हेर्न सकिनेछ ।




## ३. विगतका जनगणनाहरुको नतिजा

नेपालको विगतका जनगणनाहरूको नतिजा हेर्नको लागि censusnepal.cbs.gov.np मा गएर जनगणनाको प्रकाशन र प्रतिवेदनहरूमा क्लिक गर्दा विगतका जनगणनाहरूको बटन देखिनेछ र उक्त बटनमा क्लिक गर्दा उक्त जनगणनाहरूको नतिजाको PDF Report हेर्न र Download गर्न सकिनेछ ।



## राष्ट्रिय जनगणना २०७८ को जातजाति, भाषाभाषी र धार्मिक जनसंख्या सार्वजनिक

राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ अनुसारको जातजाति, भाषा र धर्मको तथ्याङ्क मिति २०८०/०२/१९ गते सार्वजनिक गरेको छ । नतिजाअनुसार २०६८ को तुलनामा यसपटक १७ ओटा जातजाति र १३ ओटा भाषा मातृभाषाको रूपमा थपिएका छन् । यस नतिजाअनुसार १४२ ओटा जातजाति १२४ ओटा मातृभाषा र १० ओटा धर्म रहेका छन् ।

## राष्ट्रिय जनगणना २०७८ को जिल्ला स्तरिय नतिजा सम्बन्धी अन्तरक्रिया सम्पन्न

राष्ट्रिय जनगणना २०७८ को प्रकाशित नतिजालाई तल्लो तहसम्म पुर्‍याई यसको प्रयोगमा वृद्धि गराउने उद्देश्यले जिल्ला तथ्याङ्क कार्यालयहरूको आयोजनामा कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरूमा राष्ट्रिय जनगणना २०७८ को जिल्ला स्तरीय नतिजासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यो कार्यक्रम २०८० जेष्ठ र असारमा देशका ६४ जिल्लामा सम्पन्न भएको थियो ।

## राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना स्वीकृत

तथ्याङ्क ऐन, २०७९ जारी भई मिति २०७९/०६/२७ देखि कार्यान्वयनमा आएपश्चात् साविक केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भयो । नयाँ ऐनअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रूपमा निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था गरिएको छ ।

यसैअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/११/११ मा बसेको बैठकले राष्ट्रिय तथ्याङ्क कार्यालयको नयाँ संगठन संरचना स्वीकृत गरेको छ ।

यस संरचनाअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रूपमा निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी र चारओटा महाशाखा रहने व्यवस्था गरिएको छ । नयाँ व्यवस्था अनुसार कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाको व्यवस्था गरिएको छ । साबिकमा केन्द्रीय तथ्याङ्क विभागमा प्रमुख नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको महानिर्देशक रहने व्यवस्था थियो र विभागमा तीनओटा महाशाखा रहेका थिए ।

## नेपाल जलवायु परिवर्तन सर्वेक्षणको फिल्ड सर्वेक्षण कार्य सम्पन्न



विश्वव्यापी चुनौतीको रूपमा देखापरेको जलवायु परिवर्तनले नेपालको आर्थिक सामाजिक तथा वातावरणीय क्षेत्रमा पारेको असर तथा प्रभावको बारेमा अध्ययन गर्ने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयले संचालन गरेको दोस्रो नेपाल जलवायु परिवर्तन सर्वेक्षण, २०७९ को स्थलगत लगत संकलन कार्य सम्पन्न भएको छ । सर्वेक्षणमा स्याम्पल छनौटमा परेका २९ जिल्लाका ३२६ गणना क्षेत्रबाट लगत संकलन गरिएको थियो । हरेक गणना क्षेत्रबाट २० ओटा पारिवारिक प्रश्नावली र एउटा सामुदायिक प्रश्नावलीमार्फत विवरण संकलन गरिएको थियो । स्थलगत लगत संकलनकार्यमा तीस जना कर्मचारीहरू मिति २०७९/१०/१८ देखि २०८०/०३/०८ सम्म परिचालन गरिएका थिए । गणना कार्यमा खटिने गणकहरूलाई गणनासम्बन्धी विषयमा मिति २०७९/१०/१० देखि ऐ. १६ सम्म काभ्रेको धुलिखेलमा तालिम दिईएको थियो । पहिलो नेपाल जलवायु परिवर्तन सर्वेक्षण विक्रम सम्वत् २०७२ मा संचालन गरिएको थियो ।

## नेपाल श्रम आप्रवासी भर्ना लागत सर्वेक्षणको फिल्ड कार्य शुरू

नेपालमा पहिलोपटक गर्न लागिएको नेपाल श्रम आप्रवासी भर्ना लागत सर्वेक्षण (Nepal Recruitment cost Survey of International Migrant Worker, 2023) को स्थलगत कार्य २०८० असार १७ देखि सुरू भएको छ । यस सर्भेक्षण देशभरबाट तथ्याङ्कीय विधि प्रयोग गरी छनौट गरिएका २७५ ओटा गणना क्षेत्रमा पुगी गणना कार्यमा खटिएका कर्मचारीहरूले लगत संकलन गर्नेछन् । प्रत्येक गणना क्षेत्रबाट १४ ओटा घरपरिवारको विवरण संकलन गरिनेछ । स्थलगत गणना कार्यमा खटिने कर्मचारीहरूलाई मिति २०८०/०३/०४ देखि ऐ. १६ सम्म गणनाका विविध विषयमा तालिम दिइएको थियो । २०८० कात्तिक २३ भित्रमा सर्वेक्षणको स्थलगत कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ । सर्वेक्षणको स्थलगत कार्यमा ३९ जना कर्मचारीहरू परिचालित छन् । संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय श्रम संगठनले यस सर्वेक्षण संचालनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराएको छ ।



# नेपाल जीवनस्तर सर्वेक्षण चौथोको फिल्ड कार्य सम्पन्न

नेपाली जनताको जीवनस्तरमा आएका परिवर्तनहरूको स्थिति र विभिन्न नीति तथा कार्यक्रमहरूले जीवनस्तरमा पारेका प्रभावहरूबारे सूचना प्रवाह गर्ने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालित नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८० को फिल्ड कार्य सम्पन्न भएको छ । यो विशेष खालको सर्वेक्षण भएकाले छनौट भएका गणना क्षेत्रहरूलाई तीनओटा मौसममा बाँडी वर्षभरि नै लगत संकलन गरिएको थियो ।

यस सर्वेक्षणका लागि देशभरबाट ८०० गणना क्षेत्रहरू छनौट गरिएका थिए । प्रत्येक गणना क्षेत्रबाट तथ्याङ्कीय विधिबाट १२ ओटा घरपरिवारहरू छनौट गरी उनीहरूसँग प्रत्यक्ष अन्तरवार्ता विधिबाट विवरण संकलन गरिएको थियो । सर्वेक्षणको फिल्ड कार्यका लागि मिति २०७९/ ०३/१७ देखि २०८०/ ०३/१० सम्म कर्मचारीहरू परिचालन गरिएको थियो । लगत संकलन कार्य गर्न एक जना टोली प्रमुख, तीन जना गणक र एक जना डाटा इन्ट्री अपरेटर गरी जम्मा छ जनाको २५ ओटा टोली बनाइएको थियो ।

## विभिन्न गतिविधिहरू

### राष्ट्रिय कृषि गणनाको डाटा ईन्ट्री कार्य सम्पन्न

राष्ट्रिय कृषि गणना, २०७८ को स्थलगत लगत संकलन कार्यक्रमबाट संकलित लगतको डाटा ईन्ट्री कार्य २०७९ चैत्रमा सम्पन्न भयो । राष्ट्रिय तथ्याङ्क कार्यालयबाट डाटा कोडिङ र इन्ट्रीका लागि १०० जना कर्मचारीहरू करारमा नियुक्त गरी यो कार्य केन्द्रको कार्यालयमै गरिएको थियो । राष्ट्रिय कृषि गणनाको स्थलगत लगत संकलन कार्य २०७९ वैशाख ६ देखि जेष्ठ १९ सम्म गरिएको थियो ।

### तथ्याङ्कीय प्रकाशनहरूको पहुँच तथा सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशन हुने विभिन्न गणना तथा सर्वेक्षणका प्रतिवेदन लगायत अन्य तथ्याङ्कीय प्रकाशनहरूको पहुँच र यसमा गर्नु पर्ने सुधारका सम्बन्धमा स्थानीय सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने उद्देश्यले स्थानीय सरोकारवालाहरूको सहभागितामा मिति २०७९ मंसिर २१ गते सुनसरीको इनरूवामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । जिल्ला समन्वय समिति सुनसरीका प्रमुख श्री राजन मेहताको प्रमुख आतिथ्यता र राष्ट्रिय तथ्याङ्क कार्यालय उप-प्रमुख तथ्याङ्क अधिकारी श्री मुन्नीकुमारी चौधरीको अध्यक्षतामा सम्पन्न यस कार्यक्रममा सुनसरीका प्रमुख जिल्ला अधिकारी श्री ईन्द्रदेव यादव विशेष अतिथिको रूपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा स्थानीय सरोकारवालाहरूको सहभागितारहेको थियो ।

### गणना तथा सर्वेक्षणहरूको डकुमेण्टेशन र NADA सम्बन्धी कार्यशाला संचालन

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालित विभिन्न गणना तथा सर्वेक्षणहरूको मेटाडाटा तयार गर्ने तथा कार्यालयबाट संचालनमा रहेको Micro Data Catalogue अद्यावधिक गर्नका लागि मिति २०८० वैशाख १३ देखि ऐ. १५ सम्म काभ्रेको धुलिखेलमा कार्यशाला गोष्ठी सम्पन्न भयो । यस कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका उप प्रमुख तथ्याङ्क अधिकारी श्री मुन्नी कुमारी चौधरी, निर्देशक तथा अधिकृतहरू, तथ्याङ्क कार्यालय काभ्रेका प्रमुख र तथ्याङ्क कार्यालय काठमाडौंका अधिकृतको सहभागिता रहेको थियो ।

### राष्ट्रिय जनगणना २०७८ को डिसिमिनेसन कार्यक्रम सम्पन्न

राष्ट्रिय जनगणना २०७८ को नतिजालाई तल्लो स्तरका प्रयोगकर्ता समक्ष पुऱ्याई वास्तविकतामा आधारित नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क कार्यालय महोत्तरीको संयुक्त आयोजनामा मिति २०८० जेष्ठ ३० गते बुधबार महोत्तरीको बर्दिवासमा राष्ट्रिय जनगणना २०७८ को डिसिमिनेसन कार्यक्रम सम्पन्न भयो । बर्दिवास नगरपालिकाका उपप्रमुख श्री तारादेवी महतोको प्रमुख आतिथ्यता र राष्ट्रिय तथ्याङ्क कार्यालयका उप प्रमुख तथ्याङ्क अधिकारी श्री मुन्नी कुमारी चौधरीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा जनगणनाबाट प्राप्त संघ, प्रदेश र स्थानीय तहका नतिजा समेटिएका प्रस्तुतिहरू गरिएका थिए । ती प्रस्तुतीहरूमाथी छलफलसमेत गरिएको थियो ।

यस्तै, राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क कार्यालय दाङ्को संयुक्त आयोजनामा मिति २०८० असार ७ गते दाङ्को घोराहीमा राष्ट्रिय जनगणना २०७८ को डिसिमिनेसन कार्यक्रम सम्पन्न भयो । जिल्ला समन्वय समिति दाङ्का प्रमुख श्री नित्यानन्द शर्माको प्रमुख आतिथ्यता र दाङ्का प्रमुख जिल्ला

अधिकारी श्री सुशिल कुमार वैद्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम विशिष्ट अतिथि घोराही उपमहानगरपालिकाका प्रमुख श्री नरूलाल चौधरी हुनुहुन्थ्यो । स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको उक्त कार्यक्रममा जनगणनाबाट प्राप्त संघ, प्रदेश र स्थानीय तहका नतिजा समेटिएका प्रस्तुतीहरू गरिएका थिए । उक्त प्रस्तुतिहरूमाथि छलफलसमेत गरिएको थियो ।



## राष्ट्रिय लेखासम्बन्धी सहायकस्तरीय तालिम संचालन

राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गतका जिल्लामा कार्यरत सहायकस्तरीय कर्मचारीहरूको राष्ट्रिय लेखासम्बन्धी क्षमता अभिबृद्धि गर्ने उद्देश्यले मिति २०७९/०८/२८ देखि २०७९/०९/०१ सम्म बाँकेको कोहलपुर र मोरङको लेटाङमा तीन दिनको राष्ट्रिय लेखासम्बन्धी सहायकस्तरीय तालिम सम्पन्न भयो ।

## राष्ट्रिय लेखासम्बन्धी अधिकृतस्तरीय तालिम संचालन

राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गतका जिल्ला स्थित कार्यालयका प्रमुखहरूलाई राष्ट्रिय लेखासम्बन्धी क्षमता अभिबृद्धि गर्ने उद्देश्यले मिति २०७९/०९/१२ देखि २०७९/०९/१४ सम्म रूपन्देहीको मंगलापुर र धनुषाको लालगढमा तीन दिनको राष्ट्रिय लेखासम्बन्धी अधिकृतस्तरीय तालिम सम्पन्न भयो ।

## स्थूल तथ्याङ्क तथा खुला तथ्याङ्क विषयक कार्यशाला सम्पन्न

राष्ट्रिय तथ्याङ्क कार्यालयको आयोजनामा स्थूल तथ्याङ्क (Big Data) तथा खुला तथ्याङ्क (Open Data) विषयक दुई दिने कार्यशाला गोष्ठी सम्बत् २०८० वैशाख २० र २१ गते तनहुँको बन्दीपुरमा सम्पन्न भयो । उक्त कार्यशालामा राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क कार्यालय कास्की र अन्य निकायका कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन तथा समापन उप-प्रमुख तथ्याङ्क अधिकारी श्री मुन्नी कुमारी चौधरीले गर्नुभएको थियो ।

## तथ्याङ्किय क्रियाकलापको पात्रो निर्माण सम्बन्धी कार्यशाला सम्पन्न

राष्ट्रिय तथ्याङ्क कार्यालयले संचालन गर्ने कार्यक्रमहरूको व्यवस्थित पात्रो बनाउने सम्बन्धमा कार्यालयले सम्वत् २०८० वैशाख २८ र २९ गते नुवाकोटको ककनीमा कार्यशाला गोष्ठी आयोजना गर्यो । उक्त कार्यक्रममा कार्यालयका कर्मचारी र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## दोस्रो आर्थिक गणनाको तयारी कार्य शुरू

दोस्रो आर्थिक गणना संचालनका लागि तयारी कार्य शुरू गरिएको छ । यसै अनुसार चालु आर्थिक वर्ष २०७९/८० मा गणना पूर्व तयारिका विभिन्न कार्यक्रमहरू संचालन गरियो । तयारीको कार्यक्रम अन्तर्गत केन्द्र तथा जिल्लाका अधिकृतहरूको सहभागितामा नेपालस्तरीय औद्योगिक वर्गिकरणको परिमार्जन कार्यशाला ९२०७९ माघ १६, १७ र १८ गते, नवलपरासी) आर्थिक गणनाको म्क्रथ Table निर्माण सम्बन्धी अन्तरक्रिया ९२०८० वैशाख २०, २१ र २२ गते, सिन्धुपाल्चोक), प्रश्नावली तर्जुमा तथा निर्देशिका निर्माण कार्यशाला (२०८० वैशाख २६, २७ र २८ गते, स्याङ्जा), आर्थिक गणनाको नीति तथा रणनीति तर्जुमा कार्यशाला ९२०८० जेष्ठ २४ र २५ गते, काभ्रे, आर्थिक गणनाको आयोजना दस्तावेज तयारी गोष्ठी ९२०८० जेष्ठ ३०, ३१ र ३२ गते, सिन्धुपाल्चोक), मा संचालन गरियो । यी कार्यशाला तथा गोष्ठीहरूको सञ्चालनबाट नेपाल औद्योगिक वर्गिकरणको परिमार्जित मस्यौदा तयारी गरिएको, राष्ट्रिय नीति योजनाका आधारमा आवश्यक तथ्यांकको पहिचान तथा मस्यौदा तथ्यांकीय तालिकाको तयारी, विगतको प्रश्नावली, निर्देशिका र प्रकाशित नतिजाको पुनरावलोकनबाट आवश्यक पृष्ठपोषनहरू प्राप्त र मस्यौदा प्रश्नावलीको प्रारम्भिक तयारी गरिएको, आगामी आर्थिक गणनाको आवश्यक नीति तथा रणनीतिहरू तय गर्न प्रारम्भिक वहस तथा पृष्ठपोषण प्राप्त र प्रस्तावित आर्थिक गणनाको आयोजना दस्तावेजको प्रारम्भिक खाका तयारी गरिएका थिए । आगामी आ.व.मा पनि दोस्रो आर्थिक गणना सञ्चालनका लागि आवश्यक पुर्वतयारी कार्यशाला गोष्ठीहरूबाट पुर्वतयारीका कार्यहरू परिस्कृत तथा अन्तिम स्वरूप दिने कार्यक्रमहरू रहेका छन् । आर्थिक क्रियाकलाप सम्बन्धी औद्योगिक वर्गिकरण अनुसार मुलुकको आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको आधारमा आधारभूत आर्थिक बनौटको मापन गर्ने उद्देश्यले तत्कालिन केन्द्रीय तथ्यांक विभागबाट वि.स. २०७५ मा पहिलो पटक राष्ट्रिय आर्थिक गणना सञ्चालन गरिएको थियो । दोस्रो आर्थिक गणना आर्थिक वर्ष २०८१/८२ मा संचालन गर्ने लक्ष्य रहेको छ ।

## प्रदेश तहमा राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को नतिजा सार्वजनिक कार्यक्रम सम्पन्न

राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को नतिजा सार्वजनिक कार्यक्रम प्रदेश राजधानी र अन्य क्षेत्रहरूमा सम्पन्न गरियो । स्थानीय सरोकारवालाहरूलाई सर्वेक्षणको नतिजाको बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम विभिन्न मितिमा कोशी प्रदेशको बिराटनगर, मधेश प्रदेशको जनकपुर, बागमती प्रदेशको हेटौंडा र चितवन, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको नेपालगंज र सुदुर पश्चिम प्रदेशको धनगढीमा संचालन गरियो । यस नतिजा सार्वजनिक कार्यक्रममा सर्वेक्षणको राष्ट्रिय र प्रादेशिक नतिजाको बारेमा प्रस्तुती र अन्तरक्रिया गरिएको थियो । राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ को राष्ट्रिय प्रतिवेदन २०७९ असारमा सार्वजनिक गरिएको थियो ।

# प्रमुख तथ्याङ्क अधिकारीको बिदाइ

प्रमुख तथ्याङ्क अधिकारी श्री रामप्रसाद थपलियाले २०८० असार १९ देखि लागू हुने गरी स्वेच्छिक अवकाश लिनुभएकाले राष्ट्रिय तथ्याङ्क कार्यालयले एक औपचारिक कार्यक्रम गरी उहाँलाई २०८० असार ९ गते बिदाइ गऱ्यो । उप-प्रमुख तथ्याङ्क अधिकारी श्री नेविन लाल श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उप-प्रमुख तथ्याङ्क अधिकारीहरू डा. हेमराज रेग्मी र श्री डिल्लीराज जोशी तथा अन्य कर्मचारीहरूले बिदाइ मन्तव्य राख्नुभएको थियो । थपलियाले २०७९ फागुन २९ गते प्रमुख तथ्याङ्क अधिकारीको पदमा बहाली गर्नुभएको थियो ।



मिति २०४३/०१/०८ मा निजामती सेवामा प्रवेश गर्नु भएका थपलिया २०५७/०३/२४ मा विशिष्ट श्रेणी, सचिव पदमा बढुवा हुनुभएको थियो ।

## राष्ट्रियस्तरमा जातजातिअनुसार जनसंख्या, रा.ज.ग. २०७८

| जातजाति (Caste/ethnicity) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| क्षेत्री | Kshetri | ४७९६९९५ | १६.४५ |
| ब्राह्मण-पहाड | Brahman - Hill | ३२९२३७३ | ११.२९ |
| मगर | Magar | २०१३४९८ | ६.९ |
| थारु | Tharu | १८०७१२४ | ६.२ |
| तामाङ | Tamang | १६३९८६६ | ५.६२ |
| विश्वकर्मा | Bishwokarma | १४७००१० | ५.०४ |
| मुसलमान | Musalman | १४१८६७७ | ४.८६ |
| नेवाः (नेवार) | Newa: (Newar) | १३४१३६३ | ४.६ |
| यादव | Yadav | १२२८५८१ | ४.२१ |
| राई | Rai | ६४०६७४ | २.२ |
| परियार | Pariyar | ५६५९३२ | १.९४ |
| गुरूङ | Gurung | ५४३७९० | १.८६ |
| ठकुरी | Thakuri | ४९४४७० | १.७ |
| मिजार | Mijar | ४५२२२९ | १.५५ |
| तेली | Teli | ४३१३४७ | १.४८ |
| याक्थुङ/लिम्बु | Yakthung/Limbu | ४१४७०४ | १.४२ |
| चमार/हरिजन/राम | Chamar/Harijan/Ram | ३९३२५५ | १.३५ |
| कोइरी/कुसवाहा | Koiri/Kushwaha | ३५५७०७ | १.२२ |
| कुर्मी | Kurmi | २७७७८६ | ०.९५ |
| मुसहर | Musahar | २६४९७४ | ०.९१ |
| धानुक | Dhanuk | २५२१०५ | ०.८६ |
| दुसाध/पासवान/पासी | Dusadh/Pasawan/Pasi | २५०९७७ | ०.८६ |
| ब्राह्मण-तराई | Brahman - Tarai | २१७७७४ | ०.७५ |
| मल्लाह | Mallaha | २०७००६ | ०.७१ |
| सन्यासी/दसनामी | Sanyasi/Dasnami | १९८८४९ | ०.६८ |
| केवट | Kewat | १८४२९८ | ०.६३ |
| कानु | Kanu | १५२८६८ | ०.५२ |
| हजाम/ठाकुर | Hajam/Thakur | १३६४८७ | ०.४७ |
| कलवार | Kalwar | १३४९१४ | ०.४६ |
| राजबंशी | Rajbansi | १३२५६४ | ०.४५ |

| जातजाति (Caste/ethnicity) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| शेर्पा | Sherpa | १३०६३७ | ०.४५ |
| कुमाल | Kumal | १२९७०२ | ०.४४ |
| तत्मा/तत्वा | Tatma/Tatwa | १२६०१८ | ०.४३ |
| खत्वे | Khatwe | १२४०६२ | ०.४३ |
| घर्ती/भुजेल | Gharti/Bhujel | १२०२४५ | ०.४१ |
| माझी | Majhi | १११३५२ | ०.३८ |
| नुनीया | Nuniya | १०८७२३ | ०.३७ |
| सुँडी | Sundi | १०७३८० | ०.३७ |
| धोवी | Dhobi | १०१०८९ | ०.३५ |
| लोहार | Lohar | १००६८० | ०.३५ |
| बिन | Bin | ९६९७४ | ०.३३ |
| कुम्हार | Kumhar | ९५७२४ | ०.३३ |
| सोनार | Sonar | ९३३८० | ०.३२ |
| चेपाङ/प्रजा | Chepang/Praja | ८४३६४ | ०.२९ |
| रानाथारू | Ranatharu | ८३३०८ | ०.२९ |
| दनुवार | Danuwar | ८२७८४ | ०.२८ |
| सुनुवार | Sunuwar | ७८९१० | ०.२७ |
| हलुवाई | Haluwai | ७१७९६ | ०.२५ |
| बरई | Baraee | ६८०११ | ०.२३ |
| बाँतर/सरदार | Bantar/Sardar | ६१६८७ | ०.२१ |
| कहर | Kahar | ५९८८२ | ०.२१ |
| सन्थाल | Santhal | ५७३१० | ०.२ |
| बनियाँ | Baniyan | ५३६५५ | ०.१८ |
| कथबनियाँ | Kathabaniyan | ५२४६६ | ०.१८ |
| बडही/बढई | Badhaee/Badhee | ५२४३७ | ०.१८ |
| उराँव/कुडुख | Oraon/Kudukh | ४६८४० | ०.१६ |
| राजपूत | Rajput | ४६५७७ | ०.१६ |
| अमात | Amat | ४६४७१ | ०.१६ |
| गनगाई | Gangai | ४१४४६ | ०.१४ |
| लोध | Lodh | ३९८७२ | ०.१४ |

| जातजाति (Caste/ethnicity) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| गडेरी/भेडियार | Gaderi/Bhediyar | ३५४९७ | ०.१२ |
| घले | Ghale | ३५४३४ | ०.१२ |
| मारवाडी | Marwadi | ३३८०३ | ०.१२ |
| कायस्थ | Kayastha | ३३५०२ | ०.११ |
| कुलुङ | Kulung | ३३३८८ | ०.११ |
| थामी | Thami | ३२७४३ | ०.११ |
| भूमिहार | Bhumihar | ३२१९९ | ०.११ |
| राजभर | Rajbhar | २९२४० | ०.१ |
| रौनियार | Rauniyar | २७२५८ | ०.०९ |
| धिमाल | Dhimal | २५६४३ | ०.०९ |
| खवास | Khawas | २२५५१ | ०.०८ |
| ताजपुरिया | Tajpuriya | २०९८९ | ०.०७ |
| कोरी | Kori | २०६७० | ०.०७ |
| डोम | Dom | १९९०१ | ०.०७ |
| माली | Mali | १९६०५ | ०.०७ |
| दराइ | Darai | १८६९५ | ०.०६ |
| याक्खा | Yakkha | १७४६० | ०.०६ |
| भोटे | Bhote | १५८१८ | ०.०५ |
| बान्तवा | Bantawa | १५७१९ | ०.०५ |
| राजधोव | Rajdhob | १५३९१ | ०.०५ |
| धुनीया | Dhunia | १५०३३ | ०.०५ |
| पहरी | Pahari | १५०१५ | ०.०५ |
| बंगाली | Bangali | १३८०० | ०.०५ |
| गोंढ/गोंड | Gondh/Gond | १२२६७ | ०.०४ |
| चाम्लिङ | Chamling | १२१७८ | ०.०४ |
| छन्त्याल/छन्तेल | Chhantyal/Chhantel | ११९६३ | ०.०४ |
| थकाली | Thakali | ११७४१ | ०.०४ |
| बादी | Badi | ११४७० | ०.०४ |
| बोटे | Bote | ११२५८ | ०.०४ |
| पुन | Pun | ९८२७ | ०.०३ |
| ह्योल्मो/योल्मोपा | Hyolmo/Yholmopa | ९८१९ | ०.०३ |
| खटिक | Khatik | ९१५२ | ०.०३ |
| याम्फु | Yamphu | ९१११ | ०.०३ |
| केवरत | Kewarat | ८८०९ | ०.०३ |
| बराम/बरामु | Baram / Baramu | ७८५९ | ०.०३ |
| देव | Dev | ७४१८ | ०.०३ |
| नाछिरिङ | Nachhiring | ७३०० | ०.०३ |
| गाइने | Gaine | ६९७१ | ०.०२ |
| बाहिङ | Bahing | ६५४७ | ०.०२ |
| थुलुङ | Thulung | ६२३९ | ०.०२ |
| जिरेल | Jirel | ६०३१ | ०.०२ |
| खालिङ | Khaling | ५८८९ | ०.०२ |
| आठपहरिया | Aathpahariya | ५८७८ | ०.०२ |

| जातजाति (Caste/ethnicity) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| डोल्पो | Dolpo | ५८१८ | ०.०२ |
| सरवरिया | Sarbaria | ५७९३ | ०.०२ |
| मेवाहाङ | Mewahang | ५७२७ | ०.०२ |
| ब्याँसी/सौका | Byasi/Sauka | ५७१८ | ०.०२ |
| दुरा | Dura | ५५८१ | ०.०२ |
| मेचे | Meche | ५१९३ | ०.०२ |
| राजी | Raji | ५१२५ | ०.०२ |
| साम्पाङ | Sampang | ४८४१ | ०.०२ |
| चाइ/खुलौट | Chai/Khulaut | ४८०५ | ०.०२ |
| चुम्बा/नुब्री | Chumba/Nubri | ४४१४ | ०.०२ |
| धन्कार/धरिकार | Dhankar/ Dharikar | ४०९० | ०.०१ |
| मुण्डा | Munda | ३५८९ | ०.०१ |
| लेप्चा | Lepcha | ३५७८ | ०.०१ |
| पथरकट/कुशवाडिया | Patharkatt/ Kushwadiya | ३३४३ | ०.०१ |
| हायु | Hayu | ३०६९ | ०.०१ |
| बेलदार | Beldar | ३०३७ | ०.०१ |
| हलखोर | Halkhor | २९२९ | ०.०१ |
| नटुवा | Natuwa | २८९६ | ०.०१ |
| लोहोरूङ | Loharung | २५९८ | ०.०१ |
| कमर | Kamar | २५३२ | ०.०१ |
| ढाँडी | Dhandi | २३३९ | ०.०१ |
| डोने | Done | २१२५ | ०.०१ |
| मुगाल/मुगुम | Mugal/Mugum | २१२४ | ०.०१ |
| पंजाबी/सिख | Punjabi/Sikh | १८४६ | ०.०१ |
| कर्मारोङ | Karmarong | १६६३ | ०.०१ |
| चिडिमार | Chidimar | १६१५ | ०.०१ |
| किसान | Kisan | १४७९ | ०.०१ |
| ल्होपा | Lhopa | १३९० | ० |
| कलार | Kalar | ९३१ | ० |
| फ्री | Phree | ९२१ | ० |
| कोचे | Koche | ८४७ | ० |
| तोप्केगोला | Topkegola | ६४२ | ० |
| राउटे | Raute | ५६६ | ० |
| वालुङ | Walung | ४८१ | ० |
| ल्होमी | Lhomi | ३५५ | ० |
| सुरेल | Surel | ३१८ | ० |
| कुसुण्डा | Kusunda | २५३ | ० |
| बनकारिया | Bankariya | १८० | ० |
| नुराङ | Nurang | ३६ | ० |
| अन्य | Others | ५८८८ | ०.०२ |
| विदेशी | Foreigner | १३७४०७ | ०.४७ |
| नखुलेको | Not stated | ४४३६ | ०.०२ |
| | **Total** | २९१६४५७८ | १०० |

# राष्ट्रियस्तरमा मातृभाषाअनुसार जनसंख्या, रा.ज.ग. २०७८

| मातृभाषा (Mother tongue) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| नेपाली | Nepali | १३०८४४५७ | ४४.८६ |
| मैथिली | Maithili | ३२२२३८९ | ११.०५ |
| भोजपुरी | Bhojpuri | १८२०७९५ | ६.२४ |
| थारू | Tharu | १७१४०९१ | ५.८८ |
| तामाङ | Tamang | १४२३०७५ | ४.८८ |
| बज्जिका | Bajjika | ११३३७६४ | ३.८९ |
| अवधी | Avadhi | ८६४२७६ | २.९६ |
| नेपालभाषा(नेवारी) | Nepalbhasha (Newari) | ८६३३८० | २.९६ |
| मगर ढुट | Magar Dhut | ८१०३१५ | २.७८ |
| डोटेली | Doteli | ४९४८६४ | १.७ |
| उर्दु | Urdu | ४१३७८५ | १.४२ |
| याक्थुङ/लिम्बु | Yakthung/Limbu | ३५०४३६ | १.२ |
| गुरूङ | Gurung | ३२८०७४ | १.१२ |
| मगही | Magahi | २३०११७ | ०.७९ |
| बैतडेली | Baitadeli | १५२६६६ | ०.५२ |
| राई | Rai | १४४५१२ | ०.५ |
| अछामी | Achhami | १४१४४४ | ०.४८ |
| बान्तवा | Bantawa | १३८००३ | ०.४७ |
| राजवंशी | Rajbanshi | १३०१६३ | ०.४५ |
| शेर्पा | Sherpa | ११७८९६ | ०.४ |
| खस | Khash | ११७५११ | ०.४ |
| बझाङ्गी | Bajhangi | ९९६३१ | ०.३४ |
| हिन्दी | Hindi | ९८३९९ | ०.३४ |
| मगर खाम | Magar Kham | ९१७५३ | ०.३१ |
| चाम्लिङ | Chamling | ८९०३७ | ०.३१ |
| रानाथारू | Ranatharu | ७७७६६ | ०.२७ |
| चेपाङ | Chepang | ५८३९२ | ०.२ |
| बाजुरेली | Bajureli | ५६४८६ | ०.१९ |
| सन्थाली | Santhali | ५३६७७ | ०.१८ |
| दनुवार | Danuwar | ४९९९२ | ०.१७ |
| दार्चुलेली | Darchuleli | ४५६४९ | ०.१६ |
| उराउँ/कुडुख | Oraon/Kudukh | ३८८७३ | ०.१३ |
| कुलुङ | Kulung | ३७९१२ | ०.१३ |
| अंगिका | Angika | ३५९५२ | ०.१२ |
| माझी | Majhi | ३२९१७ | ०.११ |
| सुनुवार | Sunuwar | ३२७०८ | ०.११ |
| थामी | Thami | २६८०५ | ०.०९ |
| गनगाई | Ganagai | २६२८१ | ०.०९ |
| थुलुङ | Thulung | २४४०५ | ०.०८ |
| बंगला | Bangla | २३७७४ | ०.०८ |
| घले | Ghale | २३०४९ | ०.०८ |
| साम्पाङ | Sampang | २१५९७ | ०.०७ |
| मारवाडी | Marwadi | २१३३३ | ०.०७ |
| डडेल्धुरी | Dadeldhuri | २१३०० | ०.०७ |
| धिमाल | Dhimal | २०५८३ | ०.०७ |
| ताजपुरिया | Tajpuriya | २०३४९ | ०.०७ |
| कुमाल | Kumal | १८४३५ | ०.०६ |
| खालिङ | Khaling | १६५१४ | ०.०६ |
| मुसलमान | Musalman | १६२५२ | ०.०६ |
| वाम्बुले | Wambule | १५२८५ | ०.०५ |

| मातृभाषा (Mother tongue) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| बाहिङ/बायुङ | Bahing/Bayung | १४४४९ | ०.०५ |
| याक्खा | Yakkha | १४२४१ | ०.०५ |
| संस्कृत | Sanskrit | १३९०६ | ०.०५ |
| भुजेल | Bhujel | १३०८६ | ०.०४ |
| भोटे | Bhote | १२८९५ | ०.०४ |
| दरई | Darai | १२१५६ | ०.०४ |
| याम्फु/याम्फे | Yamphu/Yamphe | १०७४४ | ०.०४ |
| नाछिरिङ | Nachhiring | ९९०६ | ०.०३ |
| ह्योल्मो/योल्मो | Hyolmo/Yholmo | ९६५८ | ०.०३ |
| दुमी | Dumi | ८६३८ | ०.०३ |
| जुम्ली | Jumli | ८३३८ | ०.०३ |
| बोटे | Bote | ७६८७ | ०.०३ |
| मेवाहाङ | Mewahang | ७४२८ | ०.०३ |
| पुमा | Puma | ६७६३ | ०.०२ |
| पहरी | Pahari | ५९४६ | ०.०२ |
| आठपहरिया | Athpahariya | ५५८० | ०.०२ |
| दुङमाली | Dungmali | ५४०३ | ०.०२ |
| जिरेल | Jirel | ५१६७ | ०.०२ |
| तिबेतियन | Tibetan | ५०५३ | ०.०२ |
| दैलेखी | Dailekhi | ४९८९ | ०.०२ |
| चुम/नुब्री | Chum/Nubri | ४२८४ | ०.०१ |
| छन्त्याल | Chhantyal | ४२८२ | ०.०१ |
| राजी | Raji | ४२४७ | ०.०१ |
| थकाली | Thakali | ४२२० | ०.०१ |
| मेचे | Meche | ४२०३ | ०.०१ |
| कोयी | Koyee | ४१५२ | ०.०१ |
| लोहोरूङ | Lohorung | ३८८४ | ०.०१ |
| केवरत | Kewarat | ३४६९ | ०.०१ |
| डोल्पाली | Dolpali | ३२४४ | ०.०१ |
| डोने | Done | ३१०० | ०.०१ |
| मुगाली | Mugali | २८३४ | ०.०१ |
| जेरो/जेरूङ | Jero/Jerung | २८१७ | ०.०१ |
| कर्मारोङ | Karmarong | २६१९ | ०.०१ |
| छिन्ताङ | Chhintang | २५६४ | ०.०१ |
| ल्होपा | Lhopa | २३४८ | ०.०१ |
| लाप्चा | Lapcha | २२४० | ०.०१ |
| मुण्डा/मुडीयारी | Munda/Mudiyari | २१०७ | ०.०१ |
| मनाङे | Manange | २०२२ | ०.०१ |
| छिलिङ | Chhiling | २०११ | ०.०१ |
| दुरा | Dura | १९९१ | ०.०१ |
| तिलुङ | Tilung | १९६९ | ०.०१ |
| सांकेतिक भाषा | Sign Language | १७८४ | ०.०१ |
| व्याँसी | Byansi | १७०६ | ०.०१ |
| वाल्कुरा/बराम | Balkura/Baram | १५३९ | ०.०१ |
| वारागुङवा | Baragunwa | १५३६ | ०.०१ |
| साद्री | Sadri | १३४७ | ० |
| अंग्रेजी | English | १३२३ | ० |
| मगर काइके | Magar Kaike | १२२५ | ० |
| सोनहा | Sonaha | ११८२ | ० |
| हायु/भायु | Hayu/Vayu | ११३३ | ० |

| मातृभाषा (Mother tongue) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| किसान | Kisan | १००४ | ० |
| पंजाबी | Punjabi | ८७१ | ० |
| धुलेली | Dhuleli | ७८६ | ० |
| खाम्ची (राउटे) | Khamchi (Raute) | ७४१ | ० |
| लुङखिम | Lungkhim | ७०२ | ० |
| लोवा | Lowa | ६२४ | ० |
| कागते | Kagate | ६११ | ० |
| वालिङ/वालुङ | Waling/Walung | ५४५ | ० |
| नार-फु | Nar-Phu | ४२८ | ० |
| ल्होमी | Lhomi | ४१३ | ० |
| तिछुरोङ पोइके | Tichhurong Poike | ४१० | ० |
| कुर्माली | Kurmali | ३९७ | ० |
| कोचे | Koche | ३३२ | ० |
| सिन्धी | Sindhi | २९१ | ० |

| मातृभाषा (Mother tongue) | | जनसंख्या (Population) | प्रतिशत (Percent) |
|---|---|---|---|
| नेपाली नाम | English Name | | |
| फाङदुवाली | Phangduwali | २४७ | ० |
| बेल्हारे | Belhare | १७७ | ० |
| सुरेल | Surel | १७४ | ० |
| माल्पाण्डे | Malpande | १६१ | ० |
| खरिया | Khariya | १३२ | ० |
| सधनी | Sadhani | १२२ | ० |
| हरियान्वी | Hariyanwi | ११४ | ० |
| साम | Sam | १०६ | ० |
| बनकारिया | Bankariya | ८६ | ० |
| कुसुण्डा | Kusunda | २३ | ० |
| अन्य | Others | ४२०१ | ०.०१ |
| नखुलेको भाषा | Not stated | ३४६ | ० |
| जम्मा | | २९१६४५७८ | १०० |

## राष्ट्रियस्तरमा धर्मअनुसार जनसंख्या, रा.ज.ग. २०७८

| धर्म | | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| नेपाली नाम | English Name | जम्मा | प्रतिशत | पुरुष | महिला |
| हिन्दू | Hindu | २३६७७७४४ | ८१.२ | ११५८७५२९ | १२०९०२१५ |
| बौद्ध | Bouddha | २३९३५४९ | ८.२१ | ११५९७९० | १२३३७५९ |
| इस्लाम | Islam | १४८३०६६ | ५.०९ | ७३२००६ | ७५१०६० |
| किरात | Kirat | ९२४२०४ | ३.१७ | ४५११९३ | ४७३०११ |
| क्रिश्चियन | Christian | ५१२३१३ | १.७६ | २४०२०६ | २७२१०७ |
| प्रकृति | Prakriti | १०२०४८ | ०.३५ | ४८५२७ | ५३५२१ |
| बोन | Bon | ६७२२३ | ०.२३ | ३१९६८ | ३५२५५ |
| जैन | Jain | २३९८ | ०.०१ | १२३९ | ११५९ |
| बहाई | Bahai | ५३७ | ०.०० | २३४ | ३०३ |
| सिख | Sikha | १४९६ | ०.०१ | ८५९ | ६३७ |
| जम्मा | Total | २९१६४५७८ | १०० | १४२५३५५१ | १४९११०२७ |

**सम्पर्कः**

**प्रवक्ता**

**श्री नेबिन लाल श्रेष्ठ**

उप-प्रमुख तथ्याङ्क अधिकारी

**सूचना अधिकारीः**

**श्री मनोहर घिमिरे**

निर्देशक

फोन नं.: ५३४५९४६

ईमेलः info@nsosnepal.gov.np

साविकको केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएपछि यसको होमपेजको ठेगाना परिवर्तन गरिएको छ । पहिले प्रचलनमा www.cbs.gov.np रहेकोमा त्यसलाई परिवर्तन गरी www.nsonepal.gov.np गरिएको छ । यस कार्यालयको बारेमा जानकारी लिनु परेमा www.nsonepal.gov.np प्रयोग गर्नुहोला ।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली काठमाडौं, फोन नं: ५३४५९१३, ५३२९४०६ फ्याक्स: ९७७-१-५३२७७२०

URL : www.nsonepal.gov.np ईमेल: info@nsonepal.gov.np